परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

❑ वर्ष १३ ❑ अंक २७ २०८१ फाल्गुन ११ आईतवार Sunday 23, FEB 2025 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-

## कोशी प्रदेशमा २ लाख ३१ हजार २ सय २८ छात्रा तथा किशोरीले लगाए एचपीभी खोप

विराटनगर । कोशी प्रदेशमा रहेको १४ जिल्लाका २ लाख ३१ हजार २ सय २८ छात्रा तथा किशोरीहरुलाई (एचपीभी) खोप लगाईएको प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटाका खोप अधिकृत भरत भण्डारीले जानकारीको छ ।

प्रतिशतमा भन्ने हो भने ८७ प्रतिशत छात्रा तथा किशोरीहरु लाई ह्युमन प्यापिलोमा भाईरस (एचपीभी) खोप लगाईएका छन् ।

फागुन २२ गते देखि छात्रा तथा किशोरीहरुलाई ह्युमन प्यापिलोमा भाईरस (एचपीभी) खोप लगाउन शुरु गरको थियो ।



छात्रा तथा किशोरीहरुलाई ह्युमन प्यापिलोमा भाईरस ( एचपीभी) खोप अभियान अन्र्तगत विद्यालय जाने कक्षा ६ देखि १० सम्मका छात्राहरु र विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरु गरि २ लाख ६५ हजार ९१८ जनालाई खोप लगाउने लक्ष्य राखिएको थियो । १५ दिनको अभियानमा २ लाख ३१ हजार २२८ जनालाई खोप लगाईएको अधिकृत भण्डारीले जानकारी दिए । वहाँका अनुसार स्थानीय तह र जिल्लाले लिएको लक्ष्य पुरा भएको छ । संघीय लक्ष्यको ८७ प्रतिशतले खोप लगाएका छन् ।' जिल्लाको प्रगति १०२ प्रतिशत रहेको वताए ।

स्वास्थ्य निर्देशनालयका अनुसार ताप्लेजुङमा ७ हजार १२०, पाँचथरमा ७ हजार ७०७, इलाममा ९ हजार ५९४, झापामा ४७ हजार ३६५, संखुवासभामा ७ हजार ९४१, तेह्रथुममा ४ हजार ३७३, भोजपुरमा ७

वांकी अन्तिम पेजमा...

## मिडियाको अवस्था सुधारको लागि समिति गठन

विराटनगर । कोशी प्रदेशमा सञ्चालनमा रहेका सञ्चार माध्ययमहरुको अवस्थाको अध्ययन र आवश्यक सुधारका लागि नेकपा (एमाले) ले समिति गठन गरेको छ ।

समितिले प्रदेशभित्र रहेका मिडिया हाउसको दिगो विकास र मिडियाकर्मीहरुको सुरक्षा तथा व्यवसायिकताका विषयमा सुझाव पेश गर्नेछ ।

विहिबार विराटनगरमा सम्पन्न नेकपा (एमाले) कोशी प्रदेश प्रचार तथा प्रकाशन विभागको दोस्रो बैठकले प्रचार विभागका प्रमुख लक्ष्मण तिवारी, उपप्रमुख भीमज्वाला राई, सचिव यज्ञ शर्मा र सदस्यहरु मोहनकाजी न्यौपाने र सुमन पुरी रहेको पाँच सदस्यीय समिति गठन गरेको छ ।

कोशी प्रदेशमा ५ सय २९ पत्रपत्रिकाहरु र २ सय १६ अनलाईन डिजिटल पत्रिका रहेको तथ्याङकमा रहेको भएपनि त्यसको अवस्था र चुनौतिहरु के के रहेकाछन् र तिनलाई सुधारका लागि के गर्न सकिन्छ साथै ती सञ्चारमाध्ययमहरुमा काम गर्ने सञ्चारकर्मीहरुको अवस्था र भविष्यका बारेमा अध्ययन गरि प्रदेश सरकारका तर्फबाट गर्न सकिने प्रयासहरुका सम्बन्धमा सुझाव प्रस्तुत गरिने प्रचार विभाग प्रमुख लक्ष्मण तिवारीले जानकारी दिएका थिए ।

बैठकका प्रमुख अतिथि कोशी प्रदेशका संस्थापक मुख्यमन्त्री तथा नेकपा ( एमाले) स्थायी कमिटी सदस्य शेरधन राईले सञ्चार माध्ययमहरुको पछिल्लो अवस्था राम्रो नभएको र तिनको विकासमा पार्टी र प्रदेश सरकारले गर्नुपर्ने दायित्व बाट सरकार र पार्टी पछि नहट्ने र आवश्यक सुधार को काममा सधैं तयार रहने प्रतिवद्धता जनाएका थिए ।

बैठकमा अनलाईन मिडियाको कोशी प्रदेशको वर्तमान अवस्थाका बारेमा सुमन पुरी र प्रदेशको छापा माध्यमको बारेमा देवेन्द्र कार्कीले प्रस्तुत गर्नु भएको प्रारम्भिक प्रतिवेदनहरु उपर छलफल गरिएको थियो ।

बैठकले प्रदेशमा रहेका मिडियाहरु समाज र सिंगो प्रदेशकै साझा सम्पति रहेकाले त्यसको जगेर्नामा पार्टीले विशेष योजना ल्याउनेगरी छलफल भएको प्रचार विभागका उपप्रमुख भीम ज्वाला राईले जानकारी गराएका थिए ।

## भूमि समस्या समाधान नगरे मुलुकमा विकराल समस्या

विराटनगर । भूमि सम्बन्धि समस्या समाधान नगरे मुलुकको विकराल समस्या आइपर्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताएका छन् ।

विराटनगरमा भूमि समस्या समाधान आयोगको प्रदेशस्तरीय अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले तीन वर्षभित्र भूमिसम्बन्धि सबै समस्या समाधान गर्ने गरी बनाएको भूमि समस्या समाधान आयोगले तीन वर्षभित्रमा सबै कार्यभार पुरा गर्नुपर्ने बताए ।

उहाँले भूमि सम्बन्धि केही नेपाल ऐन संसोधन गर्ने अध्ययादेश संसदबाट पारित हुने समेत दावी गर्दैं यो अध्यादेश संसदमा पेश भएपछि माओवादी केन्द्रले समेत नाकको चालले समर्थन गर्नुपर्ने मुख्यमन्त्री कार्कीले दावी गरका थिए । भूमिसम्बन्धि समस्या समाधान गर्न नचाहनेले मात्रै यो अध्यादेशको विरोध गर्ने भन्दै उहाँले व्यवस्थालाई नै खतरामा पार्ने गरी दलहरुले काम गर्न नहुने धारणा राखेका थिए ।

४० वर्ष भन्दा लामो समयदेखि भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासी लगायतकाको समस्या समाधान हुन नसकिरहेको अवस्थामा सरकारले गरेको यो कामलाई सहयोग गर्नुपर्ने उहाँको भनाई थियो । उहाँले भन्नुभयो - 'यो व्यवस्थाका पक्षपति तीन दल नेकपा एमाले, नेपाली काँग्रेस र माओवादी केन्द्रले सत्तामा नहुनेबित्तिकै व्यवस्थामाथि नै आँच आउने काम गर्नु हुँदैन् । त्यसैले यो समस्या समाधान गर्न लाग्नु पर्छ ।' अहिले केही सानो समूहले व्यवस्थामाथि नै प्रहार गर्न खोजिरहेको अवस्थामा पूर्वप्रधानमन्त्री भइसकेका व्यक्तिहरुले पनि गलत ढंगले अभिव्यक्ति दिन नहुने उहाँले बताएका थिए ।

वांकी अन्तिम पेजमा...


## मलामी गृहको शिलान्यास

विराटनगर । प्रजातन्त्र दिवसको अवसर पारेर विराटनगर-८ बलुवाही पूर्वमा रहेको सिघिया घाटमा मलामी विश्राम गृह निर्माणको शिलान्यास गरेका छन् ।

बलुवाही टोलको दक्षिण पूर्वमा रहेको सिंघिया खोलाको छेउमा एक कार्यक्रमको आयोजना गरी विराटनगर महानगरपालिकाका मेयर नागेश कोईराला, उप मेयर शिल्पा निराला कार्की र वडा नं. ८ का वडा अध्यक्ष राम पोखरेलले संयुक्त रुपमा शिलन्यास गरेका हुन् । शिलान्यासको पूजापाठ उप मेयर कार्कीले गरेको थिईन ।

मलामी विश्राम गृह शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कोईरालाले तपाई वडा वासीहरुलाई केही आवश्यक परे सिधै वडा अध्यक्ष र सदस्यहरुलाई भन्नु होस त्यहाँबाट नभए सिधै महानगरपालिका आएर मलाई भेट्नुहोस तपाईहरुको विकास

वांकी अन्तिम पेजमा...



## कोशी प्रदेशमा...

हजार ५७७, धनकुटा ६ हजार ९११, सुनसरी ४२ हजार ६७, मोरडमा ५२ हजार २७९, सोलुखुम्बुमा ५ हजार ३०९, खोटाङमा ८ हजार ७९८, उदयपुर १८ हजार ४९५ र ओखलढुङ्गा ६ हजार १६२ जनालाई खोप लगाईएको छ । खोप अभियान अर्न्तगत जिल्लाहरुले लिएको लक्ष्य भन्दा बढी ताप्लेजुङले १०५ प्रतिशत र सबैभन्दा कम इलामले ८१ प्रतिशतलाई खोप लगाएको छ ।

एचपीभी खोप शुरु भएको दिन फागुन २२ गते कोशी प्रदेशका १४ जिल्लामा २२ हजार ९६ जनालाई खोप लगाईएको थियो । अन्तिम दिन आज १०८ जनालाई खोप लगाउँदै अभियान सम्पन्न भएको छ ।

एचपीभी एक प्रकारको विषाणु हो । संसारका विभिन्न देशहरुमा गरिएको अध्ययन अनुसार पाठेघरको मुखको क्यान्सरको प्रमुख कारक एचपीभी हो । पाठेघरको मुखमा हुने क्यान्सरमध्ये ९५ प्रतिशत भन्दा बढी क्यान्सर एचपीभीले गराउँदछ । एचपीभीको २०० भन्दा बढी किसिमका प्रजातिहरु हुन्छन । यसमध्ये कम्तीमा १२ वटा प्रजाति पाठेघरको मुखको क्यान्सर गराउने प्रमुख कारक हुन ।

नेपालमा ८० प्रतिशत पाठेघरको मुखको क्यान्सर एचपीभीको प्रजाति १६ र १८ बाट भएको देखिन्छ । यसले महिलाहरुको पाठेघरको मुखको क्यान्सरको साथै यौनांगमा आउने मुसा तथा यौनांगको क्यान्सर समेत गराउन सक्ने विज्ञहरुको भनाई छ ।

## भूमि समस्या...

अध्यादेशका विषयमा सत्ता र पदकालागि केही व्यक्तिहरुले बार्गेनिङ गरिरहेको उहाँले चर्चा गर्दै कोशी प्रदेश सरकारले प्रदेशभित्रका भूमिहीनहरुलाई लालपुर्जा दिने र उनीहरूलाई व्यवस्थित ढंगले बसोबास गर्ने विषयमा सहयोग गर्ने प्रतिबद्धता मुख्यमन्त्री कार्कीले जनाएका थिए ।

कार्यक्रममा बोल्दै कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री रेवतिरमण भण्डारीले भूमि समस्या समाधान आयोगलाई जस्तो सुकै सहयोग गरेर अघि बढ्न प्रदेश सरकार तयार रहेको बताए । उहाँले टिओआर अनुसार सडक र बगर क्षेत्रका बसोबासीको समस्या समाधान गर्ने केही कठिनाई देखिएको भन्दै त्यसमा त्यसमा सुधार गरेर अघि बढ्नुपर्ने उल्लेख गरेका थिए ।

कार्यक्रममा नेपाली काँग्रेस कोशी प्रदेशका सभापति तथा पूर्वमुख्यमन्त्री उद्धव थापा, नेकपा एमाले कोशी प्रदेश समितिका अध्यक्ष घनश्याम खतिवडा लगायतले शुभ कामना मन्तव्य राखेका थिए । केन्द्रीय अध्यक्ष हरि रिजालले ३ वर्षभित्र सबै भूमिहीन हरुलाई बसोबासको व्यवस्था गर्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कोशी प्रदेशमा करिब ३ लाख परिवार भूमिहीन अव्यवस्थित बसोबासी अरु रहेको सो अवसरमा जानकारी दिएको थियो । देशभरमा भुमिहीनका संख्या करिब १२ लाख रहेका छन् ।

## मलामी...

निर्माण लगायत सार्वजनिक सरोकारको काम सके जति गर्ने प्रतिवद्धता जनाए ।

वडा नं. ८ बलुवाही देखि दक्षिण पूर्व सिंघिया खोलाको छेउमा बन्ने २० फिट चौडाई र ४० फिट लम्बाईको मलामी विश्राम गृह पक्की कुर्सी हालेर माथि ट्रष्ट र टिनाको छाना हुने छ । उक्त विश्राम गृहले विराटनगर वडा नं. ८, १० र १४ का बासीन्दा र सिघिया पारी रहको जहदा गाउँपालिकाका मानिस समेत लाभान्वित हुने वडा अध्यक्ष पोखरेले बताए ।

मलामी विश्राम गृहको लागि विराटनगर महानगर पालिकाबाट ३ लाख सहयोग र वडा नं. ८ को ५ लाख गरी जम्मा ८ लाखको बजेट छुट्याएको छ । उक्त मलामी विश्राम गृह यसै आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गर्ने वडा नं. ८ का सदस्य भुवन राजवंशीले बताए ।

उक्त शिलान्यस कार्यक्रम मा वडा सदस्यहरु तारा कुमारी राय, पवित्री विश्व कर्मा, महम्मद अब्वास, समाजसेवी प्रमोद खतिवडा लागायतको स्थानीय समाज सेवी बुद्धिजीवीहरुको उपस्थिति रहेको थियो ।

# राससको स्थापना दिवसको अवसरमा तीन जना रासस कर्मी सम्मानित



रासस्को स्थापना दिवसको अवसरमा कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीसँग सामुहिक तस्वीरमा संचारकर्मीहरु ।

विराटनगर । राष्ट्रिय समाचार समिति (रासस) को ६४ औं वार्षिक उत्सवको अवसरमा रासस कोशी प्रदेशका प्रमुख मोहम्मद सदरुल सहित तीन जना सञ्चार कर्मीहरु सम्मानित भएका छन् ।

६४ औं वार्षिक उत्सवको प्रमुख अतिथी कोशी प्रदेशको आन्तरिक मामिला तथा कानूनमन्त्री रेवतिरमण भण्डारी राससका कोशी प्रदेश प्रमुख मोहम्मद सदरुललाई नगद रु ७ हजार ७ सय ७५ रुपयाँको बासु रिमाल यात्री स्मृति पुरस्कार, उत्कृष्ट समाचार दाता संगिता राईलाई नगद २० हजार र लेखन तर्फ चन्द्र कला भण्डारीलाई नगद १० हजार सहित दोसल्ला फुलमाला लगाएर सम्मान प्रदान गरका थिए ।

वार्षिक उत्सवलाई सम्बोधन गर्दै आन्तरिक मामिला तथा कानूनमन्त्री भण्डारीले राष्ट्रिय समाचार समिति लोकतान्त्रिक गणतन्त्र को मर्म र भावना अनुसार रुपान्तरण भएको भन्दै प्रजातन्त्रको घाँटी निमोटिए को र राजाको एकतन्त्रीय व्यवस्थाको बेला समाचार लाई नियन्त्रण र निर्देशित गर्न रासस संस्थाको जन्म भएको थियो । त्यही बेला समाचार सम्प्रेषण गर्दा सकारात्मक समाचार मात्र सम्प्रेषण गरेको देखिन्थ्यो । तर अहिले यो संस्थाले लोकतान्त्रिक गण तन्त्रिक संविधानको मर्म र भावना अनुरुप अहिले रुपान्तरण भएर अगाडी बढेको छ ।

मन्त्री भण्डारीले कोशि प्रदेश सरकारले ल्याउन लागेको आमसञ्चार बिधेयक सकेसम्म मिडिया मैत्री बनाउने समेत जानकारी दिए ।

सम्मानित पत्रकारहरूलाई नेपाल पत्रकार महासंघ मोरङ शाखाकी अध्यक्ष सुशीला पाठक, कोशी प्रदेशकी महासचिव हेमा चुमजुङ लगाईले शुभकामना व्यक्त गर्नुभएको थियो ।

साइबर अपराधबाट बचौं ।

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृश्य वा श्रव्यदृश्य पोष्ट वा शेयर लाईक नगरौं,
- सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौं,
- सामाजिक सञ्जालमार्फत अमार्यादित कार्य नगरौं,
- सामाजिक सञ्जालमार्फत गालीगलौच नगरौ,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यम कुनै ठगी नगरौं ।

यस्तो कार्य गर्ने गराउनेलाई कानुनी कारवाही हुन्छ ।
कानुनी कारवाहीबाट आफु पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौं ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।

- सुरक्षित पानी पिऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा धोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यु गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रबन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# न्यायको लागि प्रदर्शन

नेपालमा अहिले भारतको उडिसास्थित केआईआईटी विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्सालको मृत्यु भएको घटनामा न्याय माग गर्दै श्रद्धाञ्जीसभा ठाउँठाउँमा आयोजना भई रहको छ। खास गरी नेपालका विद्यार्थी संघ संगठनहरुले लम्सालको मृत्य घटनाको निष्पक्ष छानविन गरी दोषी उपर कडा कार वाहीका माग समेत गरि रहको छ। यो घटनामा नेपाल सरकार संवेदन शील भएर लाग्नुपर्छ। उच्च शिक्षा तथा रोजगारीका लागि विदेश जाने नेपालीहरूका लागि सुर क्षासम्बन्धी प्रश्नहरू फेरि एकपटक सतहमा आएका छन्। यो घटनाले नेपाल सरकार, शैक्षिक संस्था, र विद्यार्थीका अभिभावकहरूलाई गम्भीर सोच-विचार गर्न बाध्य बनाएको छ।

भारतमा मात्र नभ्रई अन्य मुलुकमा समेत अध्ययन गरिरहेका नेपाली विद्यार्थीहरुलार्य विभिन्न खालका जोखिमहरुसंग लडिरहेका हुन्छन। भारतमा मात्र होइन, अन्य मुलुकमा समेत अध्ययनरत नेपाली विद्यार्थीहरू विभिन्न खालका जोखिमसँग जुधिरहेका हुन्छन्। विदेशमा हुने दुर्घटना, आत्महत्या, वा रहस्यमय मृत्युका घटनाहरू बेलाबेलामा बाहिर आउँछन ्। तर, यस्ता घटनाहरूमा नेपाल सरकारको प्रतिक्रियात्मक भूमिका सीमित मात्र देखिएको छ। दूतावासहरूले आवश्यक रूपमा सक्रियता नदेखाउँदा पीडित परिवारहरूले न्यायको खोजीमा दुःख भोग्नुपर्ने अवस्था सिर्जना भएको छ।

नेपाली विद्यार्थीहरू देशकै उज्ज्वल भविष्य हुन्। तसर्थ, उनीहरूको सुरक्षा सरकारको प्राथमिक जिम्मेवारी हुनुपर्छ। भारतलगायत अन्य देशहरूमा नेपाली विद्यार्थीहरूको मृत्यु वा बेपत्ता हुने घटनालाई नेपाल सरकारले गम्भीरता साथ लिनुपर्छ। दीर्घकालीन समाधानका लागि ठोस नीति निर्माण गर्दै दूतावासहरूको भूमिका अझ प्रभावकारी बनाउन आवश्यक छ।

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु मे, मो, टा, टि, टु टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# सहकारी संस्था व्यवस्थित गर्न ल्याएको अध्यादेशमा के छ ?

**रुप खड्का**

बचत तथा ऋण कारोबार गर्ने केही सहकारी सञ्चालकहरूले ठूलो मात्रामा रकम अपचलन गर्दा लाखौं सर्वसाधारण बिचल्लीमा परेका छन्। सहकारी पीडितहरु झन्डै दुई वर्षदेखि आन्दोलित छन्। यस अवधिमा सरकार र सहकारी पीडितबीच वार्ता र सम्झौता भए पनि बचत फिर्तामा खासै प्रगति भएको छैन। बरू रकम दुरूपयोगका नयाँ नयाँ घटना सतहमा आइरहेका छन्।

यो समस्या चुलिनुमा सहकारी कानुनको सीमितता पनि एउटा कारण हो। यही समस्या समाधान गर्ने उद्देश्यले सरकारले पुस १४ गते 'सहकारी सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८१' जारी गरेको छ। तर यसमा गरिएका व्यवस्थाले पनि सहकारी पीडितहरूको डुबेको रकम समयमै फिर्ता हुने र भविष्यमा जम्मा हुने बचत सुरक्षित हुने प्रत्याभूति दिँदैन।

यो लेखमा म सहकारी कानुनबारे चर्चा गर्नुका साथै यसलाई समयसापेक्ष बनाउन केही सुझाव राख्दैछु।

नेपालमा सहकारीको विकास परापूर्व कालदेखि हुँदै आए पनि आधुनिक सहकारीको सुरूआत भएको सात दशक पुग्न लागेको छ। सहकारी सम्बन्धी कानुनी व्यवस्था गर्न २०१३ सालमा 'सहकारी कार्यकारिणी आदेश' जारी गरिएको थियो भने पहिलो ऐन 'सहकारी संस्था ऐन २०१६' हो। उक्त ऐनलाई 'साझा संस्था ऐन २०४१' ले प्रतिस्थापन गरेको थियो। त्यसपछि २०४८ सालमा साझा संस्था ऐनको सट्टा 'सहकारी ऐन २०४८' लागू गरियो। त्यो ऐन पनि खारेज गरेर लागू गरिएको 'सहकारी ऐन २०७४' हाल कार्यान्वयनमा छ।

यी कानुनमा सहकारीको मर्मअनुसार विभिन्न प्रावधान थिए, जसमध्ये केही प्रमुख प्रावधानको संक्षिप्त स्वरूप तल प्रस्तुत गरिएको छ –

प्रस्तावना

सहकारी सम्बन्धी सबै ऐनको प्रारम्भमा सहकारीका मूल्य, मान्यता र सिद्धान्त समेट्ने गरेर प्रस्तावना उल्लेख गरिएको पाइन्छ।

नेपालको पहिलो सहकारी संस्था ऐन २०१६ को प्रस्तावनामा 'कृषक, कालिगढ र कम पुँजीवाला व्यक्तिहरूको आर्थिक विकासार्थ, स्वाबलम्बन, पारस्परिक सहयोग र किफायत वृद्धिको निमित्त सहकारी संस्थाहरूको गठनलाई अधिक सुविधाजनक गर्न आवश्यक परेकाले ... यो ऐन ... जारी गरिएको छ' भनिएको थियो।

सायद राजनीतिक हस्तक्षपविना विज्ञहरूको सुझावका आधारमा तयार गरिएको यो प्रस्तावना सहकारीको मर्म प्रतिविम्बित गर्ने सटिक प्रस्तावना थियो।

त्यसपछि निर्माण भएका ऐनका प्रस्तावनामा केही कुरा थप गरिएका भए पनि त्यसले दिनुपर्ने मूल सन्देशमा खासै परिवर्तन भएको देखिँदैन। खासगरी सहकारी ऐन २०७४ को प्रस्तावनामा विभिन्न कुरा अनावश्यक रूपमा समेटिएकाले भद्दा भएको छ।

प्रारम्भ हुने मिति

ऐनमा प्रस्तावनापछि आरम्भ हुने मिति तोकिएको हुन्छ। यस सन्दर्भमा नेपालको पहिलो सहकारी ऐनले 'तुरून्त प्रारम्भ हुने' भन्ने खराब अभ्यास तोडेर नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिबाट लागू हुने व्यवस्था गरेको थियो।

यसअनुसार ऐनमा २०१६ चैत १४ गते लालमोहर लागेर चैत १५ गते नेपाल राजपत्रमा प्रकाशित भयो। तैपनि ऐन कार्यान्वयन गर्न चार महिना अवधिमा सामान्य तयारी गरेर २०१६ कात्तिक ९ गते देखि मात्र लागू गरिएको थियो। त्यसपछिका सबै ऐनमा 'तुरून्त प्रारम्भ हुनेछ' भन्ने व्यवस्था गरिएकाले सुशासनका हिसाबले यी ऐन सुरूको भन्दा प्रतिगामी देखिन्छन्।

सहकारी संस्थाको गठन⁄ प्रकार

सहकारी संस्थाको गठन तथा प्रकारका सम्बन्धमा विभिन्न ऐनमा विभिन्न व्यवस्था भएको पाइन्छ।

उदाहरणका लागि – सहकारी संस्था ऐन २०१६ अन्तर्गत सहकारी संस्था गठन गर्न १६ वर्ष नाघेका कम्तिमा २५ जना सदस्य हुनुपर्ने व्यवस्था थियो। अर्कातर्फ साझा संस्था ऐन २०४१ ले औद्योगिक साझा संस्था गठन गर्न कम्तिमा १५ र अन्य साझा संस्थाका लागि कम्तिमा २५ जना सदस्य हुनुपर्ने व्यवस्था गरेको थियो।

यसैगरी यो ऐनले कम्तिमा ५ संस्थाहरू मिलेर जिल्ला साझा संघका साथै साझा संस्था र कम्तिमा १५ जिल्ला साझा संघ मिलेर रार्ष्ट्रिय साझा संघ स्थापना गर्न सक्ने व्यवस्था गरेको थियो।

सहकारी ऐन २०४८ ले कम्तिमा २५ जनाले प्रारम्भिक संस्था खोल्न सक्ने र कम्तिमा ५ वटा संस्था सदस्य भएको विषयगत संघ स्थापना गर्न सकिने व्यवस्था गरेको थियो।

त्यस्तै, यो ऐनले प्रारम्भिक संस्थाहरू वा विषयगत संघहरू वा दुवै गरी कम्तिमा ५ संस्था वा संघ सदस्य भएको जिल्ला सहकारी संघ, कम्तिमा २५ वटा प्रारम्भिक संस्था वा कम्तिमा ५ विषयगत संघ सदस्य भएको केन्द्रीय सहकारी संघ र कम्तिमा १५ संघहरू सदस्य भएको राष्ट्रिय सहकारी संघ स्थापना गर्न सकिने व्यवस्था पनि गरेको थियो।

सहकारी ऐन २०७४ ले कम्तिमा ३० जना नेपाली नागरिक मिलेर विषयगत वा बहुउद्देश्यीय संस्था गठन गर्न सक्ने र श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाका हकमा १५ नेपाली नागरिक हुनुपर्ने व्यवस्था गरेको छ। अर्कातर्फ महानगरपालिका र उपमहानगपालिका क्षेत्रमा बचत तथा ऋण कारोबार गर्ने संस्थाको हकमा कम्तिमा १०० नेपाली नागरिक सदस्य हुनुपर्ने प्रावधान छ भने जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न सहकारी संघहरू गठन गर्न सकिने व्यवस्था पनि गरिएको छ।

भौगोलिक कार्यक्षेत्र

सहकारीको भौगोलिक कार्यक्षेत्रबारे पनि विभिन्न ऐनले गरेका व्यवस्थामा एकरूपता पाइँदैन।

सहकारी संस्था ऐन २०१६ अनुसार आफ्ना सदस्यहरूलाई ऋण दिन संस्था बनेको रहेछ भने त्यसका सदस्य एकै सहर, गाउँ वा गाउँहरूको समूहमा बसोबास गर्दै रहेको वा एकै पेसा वा उद्देश्यको हुनुपर्थ्यो। कृषि सहकारीको कार्यक्षेत्र भने एकभन्दा बढी गाउँपालिका हुनसक्ने व्यवस्था थियो।

साझा संस्था ऐन २०४१ र सहकारी ऐन २०४८ ले सहकारीको कार्यक्षेत्र सम्बन्धित संस्थाको विनियममा तोकिएबमोजिम हुने व्यवस्था गरेको थियो। सहकारी ऐन २०७४ ले सहकारी संस्थाको भौगोलिक कार्यक्षेत्र सम्बन्धी विस्तृत प्रावधान गरेको छ।

सहकारी संस्थाहरू खासगरी 'ग्रासरूट' हुन्छन्। सहकारी संस्था ऐन २०१६ ले व्यवस्था गरेअनुसार सहकारीको भौगालिक कार्यक्षेत्र एकै सहर, गाउँ वा गाउँहरूको समूह हुनु राम्रो हुन्छ। यसो भए पनि सहकारीको भौगोलिक कार्यक्षेत्र त्यसको प्रकार, त्यसले अपनाएको व्यापार मोडेल र त्यसका सदस्यको आवश्यकताका आधारमा तोकिनु पर्छ। हाल विश्वमा गाउँ⁄ नगर, जिल्ला, प्रदेश, राष्ट्र वा अन्तर्राष्ट्रिय स्तरका सहकारी भएका उदाहरण पनि छन्।

सहकारीको सदस्यता

वर्तमान सहकारी ऐनमा कुनै एक व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने व्यवस्था छ। सहकारी अध्यादेश २०८१ ले भने 'एक व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य हुन सक्ने छैन' भन्ने व्यवस्था गरेको छ।

सहकारीको सदस्यताका लागि तोकिएका सर्त पूरा गर्ने व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारीको सदस्य हुनु हुँदैन भन्ने मान्यता नभए पनि एक व्यक्ति एकै प्रकृतिका विभिन्न सहकारीको सदस्य हुनुभन्दा एक सहकारीको मात्र सदस्य हुनु राम्रो हो। कारण के भने, सहकारीको सदस्य कम्पनीको सेयरहोल्डरजस्तो सेयरमा लगानी गरेपछि निष्क्रिय भएर बस्दैन। बरू सहकारीको कारोबार बढाउन सधैं सक्रिय हुनुपर्छ।

उदाहरणका लागि – वित्तीय सहकारीको सदस्यले बचत जम्मा गर्ने वा ऋण लिने कारोबार आफू सदस्य भएको सहकारीबाटै गर्नुपर्छ। उपभोग सहकारीको सदस्यले आफू सदस्य भएको सहकारबाटै वस्तु तथा सेवा खरिद गर्नुपर्छ। यसले सहकारीको विकास र विस्तार भई सहकारीको मूल्य र मान्यताअनुसार सदस्य र समुदायको भलाइ हुन्छ।

सहकारीको दर्ता

सहकारी सञ्चालनका लागि सर्वप्रथम त्यसलाई सम्बन्धित सरकारी निकायमा दर्ता गर्नुपर्छ। नेपालमा सुरूदेखि नै सहकारी कानुनले सहकारी दर्ता गर्ने जिम्मा नेपाल सरकारको रजिस्ट्रारलाई दिएको थियो। तर हालसालै जारी गरिएको सहकारी अध्यादेशले सहकारी दर्ता स्थानीय तहमा मात्र हुने व्यवस्था गरेको छ।

यस किसिमको व्यवस्थाले खासगरी बचत तथा ऋण सहकारीजस्ता संस्थालाई सही किसिमले छानबिन गरेर दर्ता गर्न सक्ने क्षमता सबै स्थानीय निकायमा छ कि छैन भन्ने गम्भीर प्रश्न उब्जाएको छ।

सहकारी दर्ता गर्ने सन्दर्भमा तिनीहरूले दरखास्तका साथ पेस गरेको विनियम सहकारी ऐन तथा नियमअनुसार भए-नभएको, प्रस्तावित सहकारी संस्था सहकारी मूल्य-मान्यता र सिद्धान्तअनुरूप सञ्चालन हुन सक्ने आधार भए-नभएको र सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रित भई सञ्चालन हुन सक्ने स्पष्ट आधार भए-नभएको भनेर छानबिन गर्न आवश्यक हुन्छ।

मुलुकका अधिकांश ग्राम वा नगरपालिकामा यस किमिसको क्षमता भएको देखिँदैन। सहकारी संस्थाहरूको दर्ता सही किसिमले हुन नसके दर्तादेखि नै समस्या बल्झिन सक्छ। अधिकांश स्थानीय सरकारको सहकारी सम्बन्धी अनुभव र क्षमता विचार गर्दा अध्यादेशले सहकारी संस्थाको दर्ता 'स्थानीय तहमा मात्र हुनेछ' भनेर गरेको व्यवस्था पुनरवलोकन हुनुपर्छ।

सही किसिमको दर्ताको महत्त्व विचार गरेर अमेरिकाजस्तो विकसित देशमा पनि वित्त सहकारी (क्रेडिट युनियन) मध्ये संघीय सहकारीलाई संघको राष्ट्रिय क्रेडिट संघ प्रशासनले र राज्य स्तरका सहकारीलाई सम्बन्धित राज्यको वित्तीय नियामक प्रशासनले हेर्ने व्यवस्था छ। त्यस्तै, भारतमा राज्य सरकारले राज्य स्तरका सहकारी संस्था दर्ता गर्छ भने एकभन्दा बढी राज्यमा रहेका सदस्यको हितलाई ध्यानमा राखेर स्थापित सहकारीलाई सहकारी संस्थाहरूको केन्द्रीय रजिस्ट्रार कार्यालयले दर्ता गर्ने व्यवस्था छ।

सहकारी संगठित संस्था हुने

सबै सहकारी ऐनमा सहकारी संस्था संगठित संस्था हुने व्यवस्था गरिएको पाइन्छ। सहकारी ऐन २०४८ र २०७४ ले सहकारी स्वशासित संस्था हुने भनेर पनि स्पष्ट गरेको छ। अन्तर्राष्ट्रिय स्तरमा अपनाइएको सामान्य प्रचलन पनि यही हो।

सहकारीको दायित्व सीमित हुने

सहकारी ऐन २०१६ अनुसार दर्तावाल संस्था सदस्य रहेको संस्था र अरू प्रारम्भिक संस्थाको दायित्व सीमित हुने तर आफ्ना सदस्यलाई ऋण दिने उद्देश्यले बनेको, अधिकांश सदस्यहरू कृषक भएको र दर्ता भएको संस्था सदस्य नरहेको संस्थाको दायित्व असीमित हुने व्यवस्था गरिएको थियो।

तर साझा संस्था ऐन २०४१, सहकारी ऐन २०४८ र सहकारी ऐन २०७४ मा सहकारीको दायित्व सीमित हुने व्यवस्था गरिको छ। असीमित दायित्व हुने व्यवस्था हटाइएको छ। यसको अर्थ सहकारी तिनीहरूले खरिद गरेको सेयरमा मात्र सीमित नभई सम्पूर्ण व्यक्तिगत सम्पत्तिमा फैलिन्छ।

केही गरी सहकारी असफल भए सहकारीको ऋण सदस्यले तिर्नुपर्ने हुन्छ। यसरी सदस्यको दायित्व

वांकी ५ पेजमा...

# काठमाण्डौ सहित ६ वटै प्रदेशमा मानव अधिकार वर्ष पुस्तक सार्वजनिक



विराटनगर। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कोशी प्रदेश कार्यालय विराटनगरका संयोजक मनोहर पोखेलले पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरी काठमाण्डौ सहित ६ वटै प्रदेशमा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ को विमोचन तथा सार्वजनिकीकरण भएको जानकारी गराएका छन्।

सोही कार्यक्रमा गराउँदै सन २०२४ अर्थात २०८० पुस १६ गते देखि २०८१ पुस १६ गते सम्म मानव अधिकार उल्लङ्घन तथा ज्यादातीका घटना विश्लेषण गर्दा कोशी प्रदेशको मानव अधिकारको अवस्था झण खराव भएको संयोजक पोखेलले वताएका हो।

इन्सेकले प्रकाशन गरको तथ्यांक अनुसार सातओटै प्रदेशहरूमा शारीरिक हिंसाका घटनाहरूसँग सम्बन्धित मानव अधिकार उल्लङ्घन सूचकाङ्कमा यस वर्ष कोशी प्रदेश ३६ दशमलव १८ प्रतिशत सूचकाङ्क मूल्यसहित चौथो स्थानमा छ। कोशी प्रदेश भन्दा बागमती, मधेश, लुम्बिनी प्रदेशको मानव अधिकारको अवस्था खराब देखिएको छ। कर्णाली र गण्डकीको भन्दा सुदुर पश्चिमको मानव अधिकारको अवस्था राम्रो देखिएको छ। सात प्रदेशमा सबैभन्दा राम्रो अवस्था सुदुर पश्चिमको र सबैभन्दा खराब अवस्था बागमती प्रदेशको छ। इन्सेकले ५३ ओटा सूचकमार्फत गरेको विश्लेषणका आधारमा सन २०२३ मा ३३ दशमलव ३२ प्रतिशत मानव अधिकार उल्लङ्घन सूचकाइक रहेकोमा सन २०२४ को कोशी प्रदेशको मानव अधिकारको अवस्था खराव देखिन्छ।

सन् २०२३ मा राज्य पक्षबाट र अन्य पक्षबाट १ हजार ४ सय २५ जना पीडित भएकोमा यस वर्ष १ हजार ६ सय ९४ जना पीडित भएको तथ्याङ्कले देखाएको छ। गएको वर्ष भन्दा यस वर्ष २ सय ६९ जना बढी मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएका छन्।

सन् २०२३ मा राज्य पक्षबाट १ सय १६ जना पीडित भएकोमा यस वर्ष ४१ जना पीडित भएका छन्। यस वर्ष कोशी प्रदेशमा राज्यको नियन्त्रणमा रहेका ६ जनाको मृत्यु भएको छ। राज्यको सुरक्षामा रहेकाहरूको शङ्कास्पद मृत्युले जीवनको अधिकारमाथि गम्भीर प्रश्न चिन्ह खडा गरेको छ। इन्सेक अभिलेखका आधारमा सन् २०२४ मा हिरासतमा मृत्यु एक जना र कारागारमा पांच जनाको मृत्यु भएको छ। गएको वर्षसमेत राज्यको नियन्त्रणमा रहेका ६ जनाको मृत्यु भएको तथ्यांक छ।

कोशी प्रदेशमा राज्य पक्षबाट गिरफ्तारीका घटनामा २ जना, कुटपिटका घटनामा च४ जना, कुटपिटबाट घाइते १ जना, गोली प्रहारवाट घाइते ३ जना, धारिलो हतियार प्रहारबाट ११ जना, झडपमा प्रहरीको लाठी प्रहारबाट ६ जना घाइते भएका छन्। यस वर्ष भेला हुन पाउने अधिकारबाट ४ जना बञ्चित भएका छन्।

सन् २०२३ को तुलनामा यस वर्ष कोशी प्रदेशमा अन्य पक्षबाट मानव अधिकार ज्यादतीका घटनामा वृद्धि भएको तथ्याङ्कले देखाएको छ। सन् २०२३ मा अन्य पक्षबाट महिला अधिकारका घटनामा ९ सय २६ जना र बाल अधिकारका घटनामा ३ सय ३६ जना पीडित भएकोमा सन् २०२४ मा महिला अधिकारका घटनामा १ हजार १ सय ४० जना र बाल अधिकारका घटनामा ३ सय ५२ जना पीडित भएका छन्। यस वर्ष कोशी प्रदेशमा बलात्कारका घटनामा १ सय ७६ जना, बलात्कारपछि हत्याका घटनामा २ जना, बलात्कार प्रयासका घटनामा २० जना, कथित बोक्सी आरोप घटनामा २ जना, दाइजोजनित हिंसाका घटनामा २ जना, सामुहिक बलात्कार घटनामा १ जना, अत्याचारका घटनामा १४ जना, वैवाहिक बलात्कारका घटनामा ३ जना, बेचविखनका घटनामा २ जना, यौनजन्य साइवर क्राइमको घटनामा १ जना, घरेलु हिंसाका घटनामा ८ सय ८३ जना र परिवारजनबाट हत्याका घटनामा ३४ जना महिला गरी १ हजार १ सय ४० जना महिला पीडित भएका छन्। ओखलढुङ्गामा ३, भोजपुरमा १, इलाममा ३, झापामा ५, सोलुखुम्बुमा १, पाँचथरमा २, सङखुवासभामा १, मोरङमा ४, सुनसरीमा ३, ताप्लेजुङमा १, तेह्रथुममा ३ र उदयपुरमा ७ गरी ३४ जना महिलाको हत्या भएको छ।

सन् २०२४ मा कोशी प्रदेशमा अन्य पक्षबाट भएका बाल अधिकारविरुद्धका घटनामा ३ सय ५२ जना पीडित भएका छन्। जसमा बलात्कारका घटनामा २ सय २५ जना, सामूहिक बलात्कारका घटनामा ३ जना, यौन दुव्यवहारका घटनामा १४ जना, बाल विवाहका घटनामा ३ जना, वेचविखनका घटनामा ५ जना, शिक्षण संस्थामा दिइएको शारिरीक सजायका घटनामा ४ जना, नवजात शिशु हत्यामा ६ जना, अत्याचारका घटनामा १२ जना गरी ३ सय ५२ जना पीडित भएका छन्।

सन् २०२४ मा कोशी प्रदेशमा अन्य पक्षबाट मोसो दलेका घटनामा ३ जना, कुटपिटबाट घाइते घटनामा ६ जना, गोली प्रहारबाट घाइते घटनामा २ जना, बम विष्फोट बाट घाइते घटनामा २ जना, धारिलो हतियार प्रहारबाट घाइते घटनामा १७ जना र झडपमा ३३ जना घाइते भएको इन्सेकले अभिलेख गरेको छ। यस वर्ष अन्य पक्षबाट ३१ जनाको कुटपिट गरी हत्या, बम विष्फोटमा २ जनाको मृत्यु, सेवन गर्न दिइएको विषबाट २ जनाको मत्यु, धारिलो हतियार प्रहारबाट ३४ जनाको मृत्यु भएको छ। धम्कीका घटनामा ६ जना र जातीय विभेदका घटनामा ७ जना पीडित भएको इन्सेकले सन् २०२४ मा अभिलेखीकरण गरेको छ।

कोशी प्रदेशमा रहेका जिल्ला कारागारको क्षमता ३ हजार १ सय ८४ रहेकोमा ६ हजार १ सय ७५ जनालाई राखिएको छ। यो वर्ष बालसुधार गृह विराटनगरमा २ सय ४४ जना बालकलाई राखिएको छ।

सन् २०२४ देखि इन्सेकले नेपाल मानव अधिकार बर्ष पुस्तकमा जलवायु परिवर्तन, बढ्दो वातावरणीय प्रदूषण, मानव अधिकार र बाताबरणको अधिकारलाई वर्ष पुस्तकमार्फत उठान गरेको छ। संविधानले प्रदान गरेको स्वच्छ बातावरणको हकसहित विश्वव्यापी रूपमा गम्भीर सङ्कटका रूपमा देखा परेको जलवायु परिर्वतनको असर र यसले मानव अधिकारमा पर्ने प्रभावलाई नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ ले उजागर गरेको छ।

यस वर्ष वायु प्रदुषण, पानीको मुहान सुक्नु, वाढी पहिरोलगायत प्राकृतिक विपद्का कारण कोशी प्रदेशमा १८ हजार १ सय ३२ जनाले बसाइँसराइ गरेका छन्।

कोशी प्रदेशमा भएका १ सय २६ ओटा इँटाभट्टा र १३ ओटा सिमेन्ट उधोगका कारण वायु प्रदुषण भएको छ। प्रदेशभरी २ सय ४० ओटा सार्वजनिक शौचालय मात्र रहेको देखिन्छ भने ६७ प्रतिशत जनतामा मात्र पिउने पानीको पहुँच पुगेको देखिन्छ।

'मानव अधिकार र सामाजिक न्यायका निम्ति' क्रियाशी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक मार्फत नेपालको मानव अधिकारको अवस्था सार्वनिक गर्दै आएको छ।

उक्त तथ्यांक सार्वजनिकीकरण तथा पत्रकार भेटघाट कार्यत्रमा राष्ट्रिय मानव अधिकार आयोज कोशी प्रदेशका निर्देशक वीर बहादर बुढामगर लगायत संचारकर्मी, विभिन्न संघ संस्थाका प्रतिनिधीहरुको उपस्थिति रहेका थियो।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५0% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म।

# सुनसरी र मोरंगबाट लागु औषध सहति ९ जना पक्राउ

विराटनगर। सुनसरी र मोरंगवाट प्रतिवन्धित लागुऔषध सहित ९ जनालाई प्रहरीले पक्राउ गरको छ।

सुनसरीको धरान-१५ स्थितबाट प्रतिबन्धित औषधी सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। लागुऔषध कारोबार भईरहेको छ भन्ने गोप्य सुचनाको आधारमा वडा प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान-१५ की २३ बर्षीया सृजना राई, २० बर्षीया विता थापा राई र दुई जना बालिकालाई फेला पारी चेकचाँज गर्दा उनिहरुको साथबाट प्रतिबन्धित औषधी ट्रामाडोल २०० चक्की फेला पारी पक्राउ गरेको थियो।

त्यसैगरी बुधवार कोशी गाउँपालिका-१ स्थितमा लागू औषध नियन्त्रण व्युरो बिराटनगर र इलाका प्रहरी कार्यालय लौकहीबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले को २०प ७४४६ नम्बरको मोटरसाईकलमा भारतबाट नेपाल तर्फ आउदै गरेका सुनसरीको ईटहरी उप-महानगरपालिका-४ का २७ बर्षीय सुरज कुमार ठाकुरलाई ८ ग्राम ५ मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो। धरान उप-नगरपालिका-३ का ३१ बर्षीय कमल सहनीलाई २ ग्राम ९ सय मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

त्यसैगरी प्रहरी चौकी मधुवनबाट खटिएको प्रहरी टोलीले बराहक्षेत्र नगर पालिका-११ स्थितबाट भोक्राहा नरसिंह गाउँपालिका-१ का २० बर्षीय ईब्रान मन्सुरीलाई १ सय ५० ग्राम गाँजा सहित नियन्त्रणमा लिएको थियो।

मंगलवार इलाका प्रहरी कार्यालय रानी र लागूऔषध नियन्त्रण व्युरो विराटनगरबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले भारतबाट नेपाल तर्फ पैदल आउदै गरेका मोरङ सुन्दरहरैचा-७ का २८ बर्षीय संजिव जिमि र २४ बर्षीय अभिषेख तामाङलाई१ ग्राम ४ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

प्रतिवन्धित ब्राउनसुगर सहित पक्राउ परेका उनिहरुको सम्वन्धमा सम्वन्धित इलाका प्रहरी कार्यालयहरुवाट

थप अनुसन्धान तथा कानूनि कारवाही भईरहेको छ।

# अक्षर संवाद : इतिहास खोजकर्तासंग अन्तरक्रिया

भोजराज घिमिरे

पथरी शनिश्चरे। डाइनामिक पब्लिक लाइब्रेरी (डिपीएल) दमकद्वारा आयोजित एक विशेष अन्तरक्रिया कार्यक्रममार्फत इतिहास खोजकर्ता तथा लेखक दिपेन्द्र तिम्सिनासँग ज्ञानवर्दक संवाद सम्पन्न भएको छ।

कार्यक्रममा लेखक तिम्सिनाले इतिहास अनुसन्धान को महत्त्व, त्यसमा आउने चुनौतीहरू तथा पुस्तक लेखनका क्रममा भोग्नुपरेका अनुभवहरूबारे रोचक जानकारी प्रदान गर्नुभएको थियो। साथै, इतिहासप्रति जिज्ञासु व्यक्तिहरूले सोधेका प्रश्नहरूको उहाँले उत्तर दिनुभएको थियो।

कार्यक्रमको अन्त्यमा अध्यक्ष तिम्सिनाले लेखक दिपेन्द्र तिम्सिनालाई ढाका टोपी र मायाको चिनोस्वरूप पुस्तक प्रदान गरी सम्मान गर्नुभएको थियो।

लेखक तिम्सिनाले समेत आफ्नो पुस्तक "तिम्सिनाको इतिहास" अध्यक्ष तिम्सिनालाई हस्तान्तरण गर्नुभएको थियो।

कार्यक्रमको अध्यक्षता (डिपिएल) नेपालका अध्यक्ष अश्विन तिम्सिनाले गर्नुभएको थियो भने महासचिव पर्वत बस्नेतले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो। कार्यक्रममा (डिपिएल) नेपालका वरिष्ठ उपाध्यक्ष दिवश खतिवडा, महासचिव गुणराज गिरी, निर्देशक सञ्जीव पाठक, कमल शाखाबाट शम्भु निरौला, टिन्सकी अध्यक्ष दिक्षा प्रसाईं लगायत विभिन्न विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।
अन्तरिक राजश्व कार्यालय विराटनगर

# विराट राजवंशीलाई आदीवासीजनजातिमा सुचिकृत गर्नुपर्ने : मन्त्री मण्डल




राजेश कुमार राजवंशी

विराटनगर । विराट राजवंशी समाज उत्थान केन्द्रीय कार्यसमितिले विराटनगरमा आयोजना गरको १८ औं बृहत भेलालाई सम्बोधन गर्दै कोशी प्रदेशका वन वाताबरण तथा पर्यटन मन्त्री सदान्द मण्डलले विराट राजवंशीलाई आदिवासी जनजातिमा सुचिकृत गर्नु पर्नेमा जोड दिएको छ ।

मंगलवार भएको भेलामा उहाँले उहाँले संविधानमा सम्पुर्ण जातजातिलाई पहिचान दिने उल्लेख रहे अनुसार राज्यले विराट राजवंशी जातिलाई पनि सुचिकृत गर्नु पर्ने बताउनु वताएका थिए । विराट राजवंशी लगायतका आदिवासी जनजाति धर्तिपुत्र भएकोले यो समुदायलाई सुचिकृत गरि अधिकार दिनु पर्नेमा मन्त्र मण्डलले जोड दिदै नेपालको संविधान बहु भाषिक, बहुजातीय ,बहु धार्मीक रहेको उल्लेख भए अनुसार सरकारबाट प्राप्त भएको कोटा लगायत राज्यबाट पाउने सेवा सुविधाबाट बञ्चित रहेको विराट राजवंशी लाई सुचिकृत गरि सेवाको उपभोग गर्न दिनु पर्नेमा वताएका थिए ।

विराट राजवंशीलाई सुचिकृत लगायतको माग पुरा गराउन कोशी प्रदेश सरकारलाई दवाबमुलक कार्यमा साथ र समर्थ गर्ने प्रतिवद्धता मन्त्री मण्डलले जनाएका थिए ।

कोशी प्रदेशका विराट राजवंशीहरुले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा सुचिकृत गर्न, राज्यको हरेक अंङमा विराट राजवंशीको स्थान सुनिस्चित गर्न, प्रदेश तथा संघमा समानुपातिक रुपमा प्रतिनिधित्व गराउन, विराटनगरको प्रथम जातिको रुपमा विराट राजवंशीलाई घोषणा गर्न, विराट राजवंशीको उत्थानको लागि प्रत्येक तह र अंगमा छुट्टै आरक्षणको व्यवस्था, विराट राजवंशी बसोवास भएको क्षेत्रलाई विराट राजवंशी स्वायत्त परिषद व्यवस्था गर्न र विराट राजा दरवारलाई पर्यटक क्षेत्रको विकास गर्नु पर्ने लगायत ७ बुंदे माग राखदै विगत१८ वर्ष देखि संघर्ष गर्दै आएको छ ।

विराट राजवंशीहरुले संसारी माई स्थानबाट ऱ्याली निकालेर बजार परिक्रमा गरि महेन्द्र चोकमा बृहत भेला गरेको थियो । कार्यक्रममा विराट राजवंशीको पहिचान झल्किने नृत्य समेत प्रस्तुत गरेको थियो । आदिवासी जनजाति सचिव सदस्य कमल प्रसाद राजवंशी राजवंशी समाज उत्थान केन्द्रीय उपाध्यक्ष प्रदीप विश्वश राजवंशी सदस्य सिधु राजवंशी लगाइत शुभकामना मन्तव्य राख्नु राखेका थिए । कार्यक्रमको अध्यक्षता विराट राजवंशी समाज उत्थान केन्द्रीय कार्यसमिति अध्यक्ष भुवनेश्वर मण्डलले गरेका थिए ।

१८औं बृहत भेलाको सह संयोजक राजेश कुमार राजवंशीको अध्यक्षतामा भेला सम्पन्न भएको थियो ।

# पहिचान र सम्मानलाई कायम राखिन्छ : महामन्त्री थापा

विराटनगर । नेपाली कांग्रेसका महामन्त्री गगन कुमार थापाले नेकां मुलुकको सम्पूर्ण जातजातिलाई एकआपसमा जोड्ने जिम्मेवार पार्टी भएको बताएको छ

सूचना ,सञ्चार तथा प्रचार विभागद्वारा शुक्रबार विराटनगरमा आयोजित राष्ट्र निर्माणमा युवाको योगदान तथा तथ्यमा आधारित प्रचार अभियान विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै उहाँले सबै जातिको पहिचान एवं मान सम्मानलाई कायम राख्ने मुलुकको ठूलो एवं राष्ट्रिय पार्टी भएको प्रष्ट पारेका थिए । महामन्त्री थापाले मुलुकमा देखिएका विभिन्न समस्याको उत्तेजना र क्षणिक लाभबाट मुक्त रही उपयुक्त समाधान निकाल्ने जिम्मेवारी पार्टी कांग्रेस भएको विचार राख्नु राखेका थिए ।

महामन्त्री थापाले आगामी विस २०८४ को निर्वाचनमा जाँदा कार्यकता हरुले विगत तीन वर्षमा गरेको कामहरुको रेकर्ड लिएर जनतामा समक्ष जान आग्रह गरेका थिए । उहाँले कांग्रेसको नेतृत्वमा रहेको सरकारले विस २०४८ देखि २०५१ सम्ममा घाटामा रहेका सरकारी उद्योगको नीजिकरण ले मुलुकले अहिले आर्थिक प्रगति हासिल गरेको उदहारण सहित दावी गरेका थिए । महामन्त्री थापाले भने पार्टीमा रहेका व्यक्तिले भ्रष्टाचार गरेमा त्यसको दण्डसजायको जिम्मेवारी स्वयम हुने छ ।'

सहमहामन्त्री भीष्मराज आङ्गदम्बेले पाथीभरा समस्या समाधानका लागि मन्त्रीस्तरीय वार्ता टोली गठन गर्न आग्रह गर्दै वार्ता अवधिसम्म निर्माण कार्य स्थगित गर्नुपर्ने सुझाव दिएका छन् ।

कोशी प्रदेशका सभापति एवं पूर्व मुख्यमन्त्री उद्धव थापाले नेकांले ल्याएको स्वास्थ्य बीमा जस्ता कार्यक्रमको द्रुतगतिमा समाजमा प्रचार प्रसार गर्नुपर्ने सुझाव दिनु भयो । विभागका अध्यक्ष केन्द्रीय सदस्य मीन विश्वकर्माले कार्यकर्ताहरु अध्ययनशील भई प्रविधिको प्रयोग गरी पार्टीप्रति हुने भ्रम सिर्जनाको अत्य गर्नतर्फ लाग्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रम संयोजक तेजराज रेग्मी, केन्द्रीय सदस्यहरु भीम पराजुली, राजीव ढुंगाना, तारामान गरुङ्ग, लक्ष्मी परियार,अमृत अर्याल, नैनसिंह महरा लगायतले युवालाई शिप र प्रविधिमा दक्ष बनाई मुलुकको समृद्धिमा योगदान पुर्याउन लगाउनु पर्ने बताएका थिए ।

कार्यक्रममा वाहखरी अनलाईका प्रधान सम्पादक हरिबहादुर थापा र रत्नराज्य क्याम्पस पत्रकारिता विभागका प्रमुख जगत नेपालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रदेशका १४ जिल्लाका जिल्ला सभापति लगायत नेता एवं कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।






# जुवातास खेल्ने १२ जनाको समुह पक्राउ

विराटनगर । कोशी प्रदेशको विभिन्न स्थानहरुबाट लागुऔषध सहित१२ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विहीवार मोरङको बेलबारी नगरपालिका-८ स्थितमा प्रहरी चौकी बाहुनीगराबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा बेलबारी-८ का २९ वर्षीय श्याम पुकार साह र २२ वर्षीय संगम महत्तोलाई ब्राउन सुगर ७०० मिलिग्राम सहित नियन्त्रणमा लिएको छ भने झापाको बिर्तामोड नगर पालिका-५ बाट ३१ वर्षीय मोहमद कलिम, २४ वर्षीय मोहमद अली, बिर्तामोड-४ का ३८ वर्षीय गोपाल क्षेत्री, बिर्तामोड-३ का २९ वर्षीय सुदिप विश्वकर्मा लाई ४५० ग्राम गाँजा सहित अस्थायी प्रहरी पोष्ट बसपार्कले र कमल गाँउपालिका-४ का १८ वर्षीय प्रितम चम्लागाँईलाई निषेधित औषधी ९२ चक्की सहित इलाका प्रहरी कार्यालय दमकले नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी वडा प्रहरी कार्यालय धरानले धरान-१५ का २३ वर्षीय मन्दिप राई, २५ वर्षीय सन्दिप राई र २२ वर्षीय करण थापालाई ट्रामाडोल ७८५ ट्याब्लेट, स्पास्पेन ८३५ चक्की सहित र इलाका प्रहरी कार्यालय जलजले उदयपुरले त्रियुगा नगरपालिका-११ का २९ वर्षीय आनन्द देव चौधरीलाई २७ एम्पुल निषेधित औषधी सहित पक्राउ गरेको थियो ।

इलाका प्रहरी कार्यालय रानीले प्रतिबन्धित औषधी १८० एम्पुल सहित खोटाङ लिच्किराम्चे-९ का २४ वर्षीय भविराज राईलाई नियन्त्रणमा लिएको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ ।

# वर्तमान शिक्षालाई व्यवसायिक वनाउनु पर्ने : महासचिव पोखरेल

अजय मिश्रा

कपिलवस्तु, । कपिलवस्तु को विजयनगर गाउँपालिका-१ गुगौलीमा रहेको दुधाधारी नमुना माध्यमिक विद्यालयको भवन उद्घाटन गर्दै नेकपा एमालेका महासचिव तथा लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखेलले वर्तमान शिक्षालाई व्यवसायिक बनाउनुपर्ने वताएका छन ।

महासचिव पोखरेलले वर्तमान शिक्षा प्रणाली साधारण रहेको र यसलाई व्यवसायिक शिक्षामा रूपान्तरण गर्नुपर्ने भन्दै व्यवसायिक शिक्षाले मात्रै युवाहरूलाई आत्मनिर्भर बनाउन सक्ने उल्लेख गरे। यसका लागि पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गर्दै व्यावहारिक सीपमा आधारित बनाउनुपर्ने जोड दिएका थिए ।

देशमा नकारात्मक भ्रम फैलिएको बताउँदै यथार्थ बुझ्न आग्रह गर्दै नेपालमा केही छैन भन्ने धारणा गलत रहेको वताए ।

हुलाकी मार्ग, चन्द्रौटा-कृष्णनगर सडक, तथा हाल निर्माणाधीन बुटवल-गोरुसिंगे सडकका लगायत आफ्नो कार्यकालमा कपिलवस्तु जिल्लाका विभिन्न सडक परियोजनाहरूमा पहल गरेको दावी गरेका थिए ।

कपिलवस्तु शिक्षाका दृष्टिले पछाडि रहे पनि अहिले सबै दृष्टिकोणबाट अघि बढिरहेकोमा महासचिव पोखेलले खुशी व्यक्त गरेका थिए ।

## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

क्राईम अपरेशन साप्ताहिक

## सहकारी...

असीमित भएकाले तिनीहरूले सहकारीबाट ऋण लिंदा सतर्कता अपनाउने छन् र कृषकहरू ऋणमा डुब्नबाट बच्ने छन् भन्ने मान्यता यो प्रावधानको हो । सहकारीबाट लिइने ऋणमा सतर्कता अपनाएर प्रयोग गर्न यस किसिमको व्यवस्थाको पुनरावृत्ति गर्नु उपयुक्त होला वा नहोला भन्नेबारे थप अध्ययन हुनुपर्छ ।

सेयर बिक्री

सहकारी संस्था ऐन २०१६ ले कुल सेयरको १.५ वा यो ऐनअन्तर्गत बनेका नियममा तोकिदिएको घटी अंशभन्दा बढी सेयर लिन नपाउने तर लाभांश नबाँड्ने संस्थाका सम्बन्धमा सेयर सम्बन्धी यो हद लागू नहुने व्यवस्था गरेको थियो ।

यसको अर्थ यो ऐनले गैरमुनाफाकारी संस्थाको पनि परिकल्पना गरेजस्तो देखिन्छ। यस किसिमको व्यवस्था अन्यत्र पनि लागू भएको पाइन्छ। उदाहरणका लागि – अमेरिकामा क्रेडिट युनियन गैरमुनाफाकारी संस्था हो, जसअन्तर्गत हार्वर्ड संघीय क्रेडिट युनियनका सदस्यहरूले किन्न सक्ने सेयरको सीमा सञ्चालक समितिले तोक्न सक्ने व्यवस्था छ । साझा संस्था ऐन २०४१ र त्यस पछिका सबै ऐनमा सदस्यले संस्थाको कुल सेयर पुँजीको २० प्रतिशतमा नबढ्ने गरी खरिद गर्न सक्ने व्यवस्था मात्र गरेको पाइन्छ ।

नेपालमा हालसम्म लागू गरिएका सबै सहकारी ऐनले सहकारीले आफ्ना सदस्यलाई मात्र सेयर बिक्री गर्न सक्ने व्यवस्था गरेको पाइन्छ। तर सहकारी सञ्चालनका लागि आवश्यक पुँजी परिचालन गर्न इच्छुक गैरसदस्यलाई पनि सहकारीको सेयर बिक्री गर्न सकिने तर गैरसदस्यले मताधिकार लगायतका अन्य लाभ नपाउने व्यवस्था लागू गर्नेतर्फ पनि विचार गरिनुपर्छ ।

एक सदस्य एक मत

सहकारी संस्था ऐन २०१६ अनुसार सहकारी संस्थाका सदस्यहरूको दायित्व सीमित नभएकोमा त्यस्ता संस्थाको कार्य सञ्चालनमा प्रत्येक संस्थाले मूल धनमा आफ्नो जतिसुकै हक भए पनि एक मत मात्र दिन पाउने व्यवस्था गरिएको थियो । सीमित दायित्व भएका संस्थाका सदस्यले विनियममा तोकिएबमोजिम मत दिन पाउन व्यवस्था गरिएको थियो । त्यसपछिका ऐनमा सदस्यले जतिसुकै सेयर खरिद गरेको भए पनि 'एक व्यक्ति एक मत' को व्यवस्था गरिएको थियो ।

सञ्चालक समिति

सहकारीलाई सही र सफलताका साथ सञ्चालन गर्न सञ्चालक समितिको महत्त्वपूर्ण भूमिका हुने तथ्यलाई मध्यनजर गरेर हालसम्म लागू गरिएका सबै सहकारी ऐनमा सहकारीका सदस्यले 'एक व्यक्ति एक मत' का आधारमा सञ्चालक समिति चयन गर्ने व्यवस्था गरिएको पाइन्छ ।

हालै जारी गरिएको सहकारी अध्यादेश २०८१ ले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालक पदमा दुई कार्यकालभन्दा बढी हुन नपाइने व्यवस्था गरेको छ । केही सहकारीका सञ्चालकहरूले ठूलो मात्रामा सहकारी कानुन उलंघन गरेर सहकारीमा पारिवारिक एकाधिकार कायम गरेर ठूलो मात्रामा दुरूपयोग गरेकाले सञ्चालकको कार्यकाल दुई अवधि तोकिनुपर्छ भन्ने मान्यता विकसित भएको हुन सक्छ । तर यस किसिमको व्यवस्थाबाट सहकारी क्षेत्रको राम्रो विषय ज्ञान र लामो अनुभव भएका दक्ष जनशक्ति गुमाउने खतरालाई बेवास्ता गर्न मिल्दैन ।

सञ्चालकहरूको एक अवधि कति वर्षको हुने, लगातार एकभन्दा बढी अवधि सञ्चालक हुन पाउने कि नपाउने, एक व्यक्ति जम्मा कति अवधि सञ्चालक हुन पाउने जस्ता कुरा सहकारी संस्थाको आवश्यकता अनुसार विनियमले व्यवस्था गर्नु राम्रो हुन्छ ।

व्यक्तिगत बचत तथा ऋणको सीमा

सहकारी ऐन २०७४ मा सदस्यहरूको बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिएबमोजिम हुने व्यवस्था गरिएकोमा सहकारी अध्यादेश २०८१ ले अन्तर-प्रदेश कारोबार भएका सहकारीमा ५० लाख, अन्तर-जिल्ला कार्यक्षेत्र भएका सहकारीमा २५ लाख र एक जिल्लाभित्र मात्र कार्यक्षेत्र भएका सहकारीमा १० लाखसम्म रकम जम्मा गर्न पाइने व्यवस्था गरेको छ ।

सहकारीको नियमन निकै कमजोर भएको र सहकारीको ठूलो मात्रामा दुरूपयोग भएको परिप्रेक्ष्यमा यस किसिमको सीमाको चर्चा हुनु अस्वाभाविक होइन । तैपनि सहकारीलाई सही रूपमा कार्यान्वयन गर्ने र त्यसको प्रभावकारी नियमन भएको अवस्थामा सदस्यले सहकारीमा बचत गर्ने सीमा तोक्नु कतिको औचित्यपूर्ण हुन्छ भन्ने विषयमा गम्भीरतापूर्वक विचार गरिनुपर्छ ।

बचतको सुरक्षण

केही सहकारीका बचतमारा सञ्चालकहरूले सहकारीमा जम्मा गरिएको रकम ठूलो मात्रामा दुरूपयोग गरेकाले सम्पूर्ण सहकारीमाथि नै अविश्वास फैलिने डर छ । त्यसो हुन नदिन सरकारले सहकारीमा जम्मा भएको रकम सुरक्षित हुने कानुनी आधार तयार गरेर त्यसलाई व्यापक रूपमा प्रचारप्रसार गरेर सर्वसाधारणलाई जानकारी गराउन आवश्यक छ ।

सहकारी ऐन २०७४ मा सहकारी संस्थाहरूले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जाको सुरक्षण निम्ति सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यवस्था गरिएको छ । सहकारी नियमावली २०७५ मा सदस्यहरूले जम्मा गरेको ३ लाख रूपैयाँसम्मको बचत सुरक्षण गर्न सक्ने प्रावधान छ । तर सहकारी अध्यादेश २०८१ ले यस्तो प्रावधान खारेज गरेर सहकारी संस्थाले कर्जा सुरक्षण कोषको सदस्यता लिनुपर्ने व्यवस्था गरेको छ ।

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन २०७३ ले प्राकृतिक व्यक्तिको निक्षेप खातामा रहेको दुई लाखसम्मको निक्षेप मात्र सुरक्षण हुने व्यवस्था गरेको छ । सहकारी पीडितको समस्या समाधान गर्नुका साथै सहकारीमा जम्मा भएको रकम भविष्यमा पनि सुरक्षित हुने भनेर प्रत्याभूति दिने किसिमको व्यवस्था अध्यादेशबाट हुनुपर्नेमा सहकारीले कर्जा सुरक्षणको सदस्य हुनुपर्ने भनेर हल्का रूपमा गरिएको व्यवस्थाले नियमालीअनुसार सहकारीमा जम्मा भएको ३ लाख रूपैयाँसम्मको रकम पनि भविष्यमा सुरक्षित नहुने भएको छ ।

अर्कातर्फ अध्यादेशमा 'बचत फिर्तासम्बन्धी विशेष व्यवस्था' भनेर गरिएको प्रावधानअन्तर्गत पनि बचत फिर्ता सम्बन्धमा विद्यमान कानुनमा समस्याग्रस्त संस्थाका सन्दर्भमा गरिएको व्यवस्थामा भन्दा खासै नयाँ प्रावधान ल्याइएको देखिँदैन ।

स्मरण रहोस्, सहकारीमा जम्मा गरेको रकम सुरक्षित हुन्छ भन्ने भावना बचतकर्ताहरूमा कायम राख्न विभिन्न मुलुकमा बचत सुरक्षण गरिएको हुन्छ । उदाहरणका लागि – अमेरिकामा फेडरल क्रेडिट युनियन (वित्तीय सहकारी) मा जम्मा गरिएको रकम सुरक्षित गर्न सन् १९७० मा राष्ट्रिय क्रेडिट युनियन सेयर बीमा कोष स्थापना गरिएको थियो, जसले संघीय क्रेडिट युनियनका सदस्यहरूले क्रेडिट युनियनमा जम्मा गरेको अमेरिकी डलर २० हजारसम्मको रकम बीमा गर्न सुरू गरेको थियो । सुरक्षित हुने रकमको सीमा बढाएर सन् १९७४ मा ४० हजार डलर, सन् १९७९ मा १ लाख डलर र सन् २००८ मा २ लाख ५० हजार डलर पुर्‍याइएको थियो । यसले अहिलेसम्म निरन्तरता पाइरहेको छ ।

क्यानाडमा अल्बर्टा, ब्रिटिस कोलोम्बिया लगायतका राज्यहरूमा सहकारीमा जम्मा भएको सबै रकम सुरक्षित हुन्छ भने अन्य प्रान्तमा प्रान्तीय क्रेडिट युनियनमा जम्मा भएको रकम र संघीय क्रेडिट युनियनमा जम्मा भएको रकम क्यानेडियन डलर १ लाखदेखि २ लाख ५० हजारसम्म सुरक्षित गरिएको पाइन्छ ।

भारतमा निक्षेप बीमा र कर्जा सुरक्षा निगमले सहकारीमा जम्मा भएको रकमको भारू ५ लाखसम्म सुरक्षित गर्छ । श्रीलंकामा निक्षेप बीमा योजनाअनुसार प्रति निक्षेपकर्ता अधिकतम श्रीलंकन रूपैयाँ ११ लाखसम्म सुरक्षित गरिएको छ। यसको अर्थ सहकारी संस्था असफल भए बचतकर्ताले सुरक्षित गरिएको रकम बीमा योजनाबाट प्राप्त गर्छन् । यी प्रावधानले बचतकर्ताको सहकारीमाथि विश्वास कायम रहिरहन्छ र नेपालमा पनि त्यस किसिमको व्यवस्था गर्न आवश्यक छ ।

कोषहरू तथा लाभांश

सहकारीले अधिकतम नाफा कमाउनेभन्दा सदस्य र समुदायको सेवालाई प्राथमिकता दिन्छन् । यसको मान्यता सदस्यलाई अधिकतम लाभांश दिनेभन्दा तिनीहरूलाई प्रदान गरिने सेवामा सुधार गर्नु हो ।

यसअनुसार सहकारीको सम्पूर्ण मुनाफा सदस्यलाई वितरण गर्नुभन्दा जगेडा कोष लगायतका विभिन्न कोषमा जम्मा गरिन्छ, जुन पुन: लगानी गरेर सहकारी विस्तार गर्न र सम्भावित आर्थिक संकट टार्न प्रयोग गरिन्छ। यस किसिमका कोष वित्तीय स्थायित्व र स्वस्थता कायम गर्न, संस्था विस्तार गर्न, सदस्यहरूलाई सशक्त बनाउन, सामुदायिक विकासमा सहयोग गर्न र सञ्चालन दक्षता बढाउन सहयोगी हुन्छन् ।

यसले सन् १९३० को विश्व मन्दी, २००७-०८ को विश्व वित्तीय संकट तथा कोभिड-१९ ले निम्त्याएको विश्व माहामारीको समयमा बैंक तथा वित्तीय संस्थाको तुलनमा सहकारी कम प्रभावित भएका थिए ।

सहकारीको यही मान्यता अनुसार सहकारीको सम्पूर्ण मुनाफा सदस्यहरूलाई वितरण गरिँदैन। उदाहरणका लागि– भारतमा सहकारी संस्थाको मुनाफा सदस्यहरूबीच बोनस, लाभांश वा अन्य कुनै तरिकाले विभाजन गरिँदैन। सहकारी संस्थाको मुनाफाको एकचौथाइ जगेडा कोषमा जम्मा गरेपछि मात्र बाँकी रहेको रकम र विगतका वर्षमा वितरणका लागि उपलब्ध नाफाबाट संस्थाको विनियममा व्यवस्था गरिएअनुसार वितरण गरिन्छ ।

नेपालमा पनि सहकारी ऐन २०१६ अनुसार कुनै संस्थाको कोषको कुनै भाग उक्त संस्थाका सदस्यहरूमा बोनस वा लाभांश वा अरू कुनै रूपमा वितरण गर्नु हुँदैन । तर कुनै वर्षको खुद नाफाको कम से कम एकचौथाइ भाग जगेडा कोषमा जम्मा गरेपछि बाँकी रहेको रकमबाट र गत वर्षको लाभांश वितरण गर्नुपर्ने नाफाको रकमबाट ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको हद र सर्तमा उक्त संस्थाका सदस्यहरूलाई १५ प्रतिशतमा नबढाई वितरण गर्नु हुन्छ भन्ने व्यवस्था गरिएको थियो ।

यसैगरी साझा संस्था ऐन २०४१ अनुसार सहकारीको कुनै वर्षको खुद नाफाको घटीमा एकचौथाइ रकम जगेडा कोषमा जम्मा गरेपछि बाँकी रहन आएको रकमबाट तोकिएको हदसम्मको रकम लाभांश, बोनस वा अरू कुनै रूपमा वितरण गर्न सकिने व्यवस्था गरिएको थियो । सहकारी ऐन २०७४ मा 'एक वर्षको सेयर लाभांशको रकम सेयर पुँजीको १८ प्रतिशतभन्दा बढी हुने छैन' भनेर व्यवस्था गरिएको थियो । अध्यादेशले लभांशको रकम 'सेयर पुँजीको १५ प्रतिशतभन्दा बढी हुने छैन' भन्ने व्यवस्था गरेको छ, जुन सहकारीको सिद्धान्तसँग बढी मेल खान्छ ।

लाभांशको वितरण सामान्यतया सहकारीबाट गरिएका खरिदहरू, सहकारीको सेवा प्रयोग गरेको, सहकारीमा जम्मा गरेको वा सहकारी बाट ऋण लिएको रकमजस्ता सदस्यहरूको सहभागिताका आधारमा गरिन्छ । यसरी लाभांशको वितरण निश्चित दरमा नभई प्रत्येक सदस्यले गरेको व्यवसायको अनुपातमा भुक्तानी गरिन्छ र यस्तो दर प्राय: सीमित गरिएको हुन्छ ।

ऋण दिने वा लिनेमा प्रतिबन्ध

सहकारीमा वित्तीय अनुशासनको ठूलो भूमिका रहन्छ। त्यही मर्मअनुसार सहकारी कानुनले सदस्यबाहेक अरू कसैलाई ऋण दिनु हुँदैन र सदस्य नभएका व्यक्तिहरूबाट निक्षेप लिनु हुँदैन भन्ने व्यवस्था गरेको छ ।


यसैगरी सहकारीले बचत रकम सदस्यहरूबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरिद गर्नबाहेक अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा सहकारी बैंकबाहेक कुनै बैंकको सेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन भन्ने स्पष्ट प्रावधान गरेको छ ।

कर्जा सूचना केन्द्र

सहकारीमा कर्जा सूचना केन्द्रको महत्त्वपूर्ण भूमिका हुन्छ। यसले ऋणसम्बन्धी जानकारी संकलन, व्यवस्थापन र प्रसार गर्ने कार्य गर्छ, जसले ऋण प्रक्रियाको दक्षता बढाउने, जोखिम व्यवस्थापन सुधार गर्ने, वित्तीय संस्थाहरूद्वारा सूचित निर्णय लिने कार्यलाई सघाउने, ऋण मूल्यांकन प्रक्रिया बढाउन सहज गर्ने, आर्थिक स्थिरता कायम गर्ने र नियामक अनुपालन सुचिश्चित गर्ने गर्छ । सेटोपाटी वाट

वांकी अर्को अंकमा...

# माघ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित



विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जिल्ला प्रहरी कार्यालय मोरङमा कार्यरत प्रहरी हवल्दार गुणराज अधिकारीलाई २०८१ साल माघ "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित गरेको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी हवल्दार अधिकारीले माघ १८ गते मोरङ विराटनगर महानगरपालिका-५ विशाल चौक कलेरुवा टोलका सरयुग मण्डलको नातिनी देश भारत छपरा जिल्ला घर भएकी १४ वर्षीया बालिका २०/२५ दिन अगाडि देखि मावली घर आई बस्दै आएकिमा उनलाई ८/१० दिन अगाडि देखि नदेखिएको भन्ने सूचना प्राप्त हुनासाथ तत्काल प्रहरी हवल्दार अधिकारीले उक्त घटनाको सूक्ष्म रूपमा अनुसन्धान गरेका थिए ।

अनुसन्धानको क्रममा माघ १८ गते बालिकाको शव मावली हजुरवुवाको घर छेउमा खाडल खनी गाडेको अवस्थामा फेला पारी घटनामा संलग्न रहेका ६ जनालाई पक्राउ गरी कानूनी दायरामा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुको साथै शान्ति सुरक्षा तथा सु-व्यवस्था कायम राख्न अहम भूमिका निर्वाह गरेको हुँदा निज प्रहरी हवल्दारबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै २०८१ साल माघ "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित गरिएको छ ।

# लागुऔषध सहित १२ पक्राउ

बिराटनगर । कोशी प्रदेशको बिभिन्न स्थानहरुबाट लागुऔषध सहित १२ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विहीवार मोरङको बेलबारी नगरपालिका-८ स्थितमा प्रहरी चौकी बाहुनीगराबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा बेलबारी-८ का २९ बर्षीय श्याम पुकार साह र २२ बर्षीय संगम महत्तोलाई ब्राउन सुगर ७०० मिलिग्राम सहित नियन्त्रणमा लिएको छ भने झापाको बिर्तामोड नगरपालिका-५ बाट ३१ बर्षीय मोहमद कलिम, २४ बर्षीय मोहमद अली, बिर्तामोड-४ का ३८ बर्षीय गोपाल क्षेत्री, बिर्तामोड-३ का २९ बर्षीय सुदिप बिश्वकर्मा लाई ४५० ग्राम गाँजा सहित अस्थायी प्रहरी पोष्ट बसपार्कले र कमल गाँउपालिका-४ का १८ बर्षीय प्रितम चम्लागाँईलाई निषेधित औषधी ९२ चक्की सहित इलाका प्रहरी कार्यालय दमकले नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी वडा प्रहरी कार्यालय धरानले धरान-१५ का २३ बर्षीय मन्दिप राई, २५ बर्षीय सन्दिप राई र २२ बर्षीय करण थापालाई ट्रामाडोल ७८५ ट्याब्लेट, स्पास्पेन ८३५ चक्की सहित र इलाका प्रहरी कार्यालय जलजले उदयपुरले त्रियुगा नगरपालिका-११ का २९ बर्षीय आनन्द देव चौधरीलाई २७ एम्पुल निषेधित औषधी सहित पक्राउ गरेको थियो ।

इलाका प्रहरी कार्यालय रानीले प्रतिबन्धित औषधी १८० एम्पुल सहित खोटाङ लिच्किराम्चे-९ का २४ बर्षीय भविराज राईलाई नियन्त्रणमा लिएको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ ।